# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
### कृषि विकास शाखा,
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok

पत्र संख्या: ०८०/८१
चलानी नं: ९००४

मिति : २०८०/१०/१४

**कृषि एम्बुलेन्स सेवा संचालन कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०८०/१०/१४

मण्डनदेउपुर नगरपालिकाको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपंक्षी बजारिकरणका लागि कृषि एम्बुलेन्स सेवा संचालन कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्र कृषिजन्य उपजको ढुवानी सहज बनाई व्यावसायिक कृषि मार्फत कृषकलाई आत्मनिर्भर बनाउने उद्देश्यले कृषि एम्बुलेन्स कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समूह/निजी फर्म/कम्पनी/कृषक सहकारीहरुले तपसिलका कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार प्रस्ताव दर्ता गर्न सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव साथ पेश गनुपर्ने निवेदनको ढाँचा,व्यावसायिक योजना,संलग्न गनुपर्ने कागजात,संचालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट *mandandeupur mun.gov.np* बाट प्राप्त गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

<u>तपसिल</u>

**आवश्यक कागजातहरु**

- ✓ निवेदन
- ✓ दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि(समूह/निजी फर्म/कम्पनी/सहकारी) ।
- ✓ स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
- ✓ कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि(छनोट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने)
- ✓ व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (प्रस्तावित क्रियाकलाप,ढुवानी दररेट,चालक मर्मतसम्भार आदि)
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
- ✓ अनुदान माग गर्न गरिएको संस्थाको निर्णयणको प्रतिलिपि ।
- ✓ प्रस्ताव पेश गर्नेको नगरिकताको प्रतिलिपि ।
- ✓ स्व-घोषणा पत्र नोट : कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयको सूचना ढाँचा तथा अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ , साथै कार्यक्रमको प्रकृति अनुसार कागजातहरुको विवरण थपघट गर्न सकिने छ ।

- ✓ संस्थाको स्वीकृत विधानको प्रतिलिपि ।

.....................
प्रमुख प्रशासकीय अधिकृत